# ठुली भेरी नगरपालिकाको पाँचौं नगरसभा

ठुली भेरी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

## ठुली भेरी नगर कार्यपालिकाको कार्यालय

जुफाल, डोल्पा

**माननीय सभाध्यक्षज्यू तथा माननीय सभासद्ज्यूहरू,**

पाँचौं नगरसभामा ठूलीभेरी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु । विगत वर्षहरूमा पनि हाम्रो नीति तथा कार्यक्रम रह्यो, तर कार्यान्वयनको पक्षमा केही कमी कमजोरी रहे । धेरै लामो समय त केन्द्र विवादका कारण हामी अलमलियौँ । विवाद हाल अदालतमा विचाराधिन रहेकाले निर्णय भई आए पश्चात विवादको अन्त्य हुनेछ । विवादका बाबजुद पनि प्रमुख र उपप्रमुखको आपसी समन्वय र नगरसभाका सम्पूर्ण सदस्यज्यूहरूको हामीप्रतिको सदासयता रहन गएको कारण हामी शौहार्द वातावरणमा पाँचौं नगरसभामा उभिन सकेका छौँ । प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी प्रशासनबाट पूर्ण सहयोग रहँदै आयो, तर हामी कानूनले निर्दिष्ट गरेको समय सीमामा रहेर नगरसभा सम्पन्न गर्न सकेनौ यस मानेमा ढिलाई हुनुको सबै कारण विश्वब्यापीरूपमा आएको कोभिड-१९ को माहामारी नै हो भन्नेमा सबै माननीय सदस्यज्यूहरू सहमत हुनुहुन्छ । स्वयं नगरपालिका नै सञ्चालनमा रहन सकेन उक्त महामारीका कारण नगरपालिकालाई सिल गर्नु हाम्रो बाध्यता थियो । ठुलीभेरी नगरपालिकाको आर्थिक उपार्जनको मुख्य श्रोत यार्चाकुम्भु संकलनमा समेत रोक लगाउनु परेको अवस्था दुखद छ । स्थिति केही सामान्य अवस्थामा आए पश्चात नगरसभा सञ्चालन हुन सकेको छ । तैपनि हाल मुलुकमा देखिएको कोभिड-१९ भाइरसको सङ्क्रमण भयङ्कर डरलाग्दो भएर आइरहेको छ । अब उप्रान्त यसमा हाम्रो गम्भीररूपमा ध्यान रहने नै छ ।

**अध्यक्षज्यू,**

आगामी वर्षमा नगरपालिकाले सञ्चालन गर्ने सम्पूर्ण आयोजनाहरू यथा समयमा सम्पन्न हुनेछन् र सबै कृयाकलापहरू पारदर्शी र जवाफदेही रहनेछन् । अर्ध वार्षिक र वार्षिक समीक्षाहरू हुनेछन् । नगरलाई सुगम बनाउन प्रत्येक वडाहरूमा सडक यातायातलाई जोड्ने र जुफाल दुनै सडकलाई स्तर उन्नति गर्दै लाने उद्देश्य मुताविक यस वर्ष पनि सडकलाई प्राथमिकतामा राखिरहेको छ । त्यस्तै कोभिड-१९, एक घर एक वगैंचा, कृषि र पशुमा

साझेदारी, उच्च शिक्षाका लागि शैक्षिक सामग्री, न्यायिक समितिको कार्य प्रभावकारिता जस्ता विषयहरूलाई मुख्य प्राथमिकतामा राखेको ब्यहोरा सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

**अध्यक्षज्यू**

अब म ठुलीभेरी नगरपालिकाको यस वर्षको बजेट, नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।


१. सोच : ३
२. लक्ष्यहरू : ३
३. नगरसभा कार्यपालिका तथा वडासँग सम्बन्धित नीति ३
४. कृषि तथा पशुपालनसँग सम्बन्धित नीति : ४
५. वन, वन्यजन्तु वातावरण संरक्षण तथा विपद व्ययस्थापन सम्बन्धी नीति ६
६. शिक्षा, युवा तथा खेलकुद सम्वन्धी नीति ८
७. स्वास्थ्य तथा कोभिड-१९ को संक्रमण रोकथामसँग सम्बन्धित नीति ९
८. पूर्वाधार विकास सम्बन्धी नीति १०
९. समाजकल्याण तथा सामाजिक विकास सम्वन्धी नीति १२
१०. सूचना प्रविधि तथा संचार नीति १३
११. समन्वय र सहयोगसँग सम्बन्धित नीति १३
१२. आर्थिक अनुशासन र पारदर्शिता सम्बन्धी नीति १४
१३. स्थानीय न्यायिक समिति तथा मेलमिलाप सम्बन्धी नीति १४
१४. पर्यटन, सहकारी र उधोगसँग सम्बन्धित नीति १५
१५. सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति १६
१६. नीजी क्षेत्र, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था र गैह्र सरकारी संस्थासँग सम्बन्धित नीति १७
१७. योजना, अनुगमन तथा मुल्याङ्कन प्रणाली १८
१८. बैङ्क तथा वित्तीय संस्थासँग सम्बन्धित नीति १९
१९. राजस्व परिचालन सम्बन्धी नीति १९
२०. पाँचौं नगरसभाका निर्णयहरु २१

## १. सोच

सामाजिक तथा आर्थिक रूपान्तरणयुक्त नगर ।

## २. लक्ष्यहरू

- २५ वर्षभित्र यस नगरपालिकालाई पूर्वाधार सहितको सुखी, खुसी, सभ्य र समृद्ध नागरिकको सहर बनाइने छ ।
- साक्षरता, औषत आयु, खाद्य सम्प्रभुताको अधिकार, प्रतिव्यक्ति वार्षिक आयमा वृद्धि र मातृ/शिशु/बाल मृत्युदर घटाई उत्कृष्ट मानव विकास सूचकाङ्क भएको बनाइनेछ ।
- विभेद, जोखिम, लैङ्गिक हिंसामुक्त सामाजिक न्यायसहितको नमुना नगरका रूपमा विकसित गरिने छ ।

## ३. नगरसभा, कार्यपालिका तथा वडासँग सम्बन्धित नीति

- ♦ कानुन अनुसार हुनुपर्ने नगरसभा, कार्यपालिका तथा वडासँग सम्बन्धित विषयहरूलाई कार्यान्वयन गरिँदै लगिनेछ ।
- ♦ विगतको अनुभवलाई हेर्दा समयमा हुन नसकेको नगरसभालाई मध्यनजर गर्दै आवश्यकताका आधारमा विषेश नगरसभा आव्हान गरिनेछ ।
- ♦ विशेष अवस्थामा बाहेक सबै नगरसभा सदस्यहरूको अनिवार्य उपस्थिति हुनुपर्नेछ । उक्त अनुपस्थितिको विशेष कारणबारे सभाको सचिवालयलाई अनिवार्यरूपमा जानकारी दिनुपर्नेछ ।
- ♦ नगर कार्यपालिकाका वैठकहरू महिनामा कम्तिमा पनि दुई पटक बस्नेछ ।
- ♦ सबै वडाहरूको वैठकहरू र प्रगति प्रतिवेदन मासिकरूपमा नगरपालिकामा पठाउनुपर्नेछ ।

- वडा कार्यालयले नियमितरूपमा नगरसँग प्रभावकारी समन्वय गर्नुपर्नेछ ।

- प्रमुख तथा उपप्रमुखबाट योजना, कार्यक्रम र वडाहरूका वस्तुस्थितिको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ तथा सोको प्रतिवेदन नगर कार्यपालिकालाई दिइनेछ । वडाहरूको प्रगतिको आधारमा प्रमुख तथा उपप्रमुखले कार्यपालिकामा पेस गरेको अनुगमन प्रतिवेदनलाई मध्यनजर राख्दै योजना तथा कार्यक्रमहरूलाई थप योगदानमूलक बनाउन सकिनेछ ।

- प्रत्येक वैठकहरूलाई मर्यादित र व्यवस्थित बनाउने सम्बन्धित सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

## ४ कृषि तथा पशुपालनसँग सम्बन्धित नीति

- एक घर एक बगैँचा जस्ता कार्यक्रमहरू नगरका सबै वडाहरूमा प्रभावकारीरूपमा सञ्चालन गर्ने तथा यसलाई प्रदेश तथा नेपाल सरकारका कार्यक्रमसँग समानुपातिक तथा समन्वय गरी लैजाने व्यवस्था मिलाइनेछ ।

- नगरपालिकालाई तरकारी तथा फलफूल उत्पादनमा क्रमश: आत्मनिर्भर बनाउँदै लगिनेछ ।

- विषादिको प्रयोग कम गर्दै लगिनेछ र अर्गानिक उत्पादकत्व र उत्पादनमा जोड दिइनेछ ।

- बेमौसमी तरकारी उत्पादन र उत्पादनमा जोड दिइनेछ ।

- नगरपालिकालाई खाद्यान्न, फलफूल, तरकारी, दुध, मासु र अण्डा प्राप्तिको मूख्य केन्द्रको रूपमा लगिनेछ ।

- कृषि पेसालाई व्यवसायीकरण र आधुनिकीकरण गरिनेछ। सामुहिक खेति, सहकारी खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ।
- जैविक खेति प्रणालीमा कृषिकार्य गर्ने कृषकलाई आवश्यक तालिम तथा प्रविधिमा सहयोग गरिने छ।
- कृषकहरूलाई उन्नत बिउबिजन र मलमा आवश्यक सहयोग गरिनेछ। कृषि तथा पशुपालन क्षेत्रमा राम्रो काम गर्ने उत्कृष्ट कृषकहरूलाई छनौट गरी पुरस्कृत गरिनेछ।
- स्याउमा आत्मनिर्भर कार्यक्रमको आयोजना क्षेत्र अन्तर्गत नगरका सबै वडाहरूलाई कार्यक्रममा समावेश गरिने छ।
- स्याउ खेती विस्तारको लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारसँग समन्वय गरी लागु गर्ने ब्यवस्था मिलाइने छ।
- यस नगरपालिका अन्तर्गतका सबै वडाहरू वा समुद्र सतहको १८०० देखि २५०० मिटर उचाइसम्म ओखर खेतिलाई आत्मनिर्भर गराई नगरमा व्यापक वृद्धि गराउन नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- हावापानी सुहाउँदो जातका फलफूलका विरूवा वडाको माग बमोजिम उपलब्ध गराइने छ।
- सिँचाइ अभाव भएको क्षेत्रमा साना सिँचाइ र थोपा सिँचाइको लागि नेपाल सरकार तथा कर्णाली प्रदेश सरकार समन्वय गरिने छ।
- जग्गा चक्लाबन्दी कार्यक्रमलाई विशेष प्राथमिकतामा राख्ने, त्यस्तो प्राथमिकता तोक्दा व्यक्ति वा समूह जसले न्यूनतम १० रोपनी जमिन (एउटै क्षेत्रफलमा रहेको) तयार बनाई ल्याएमा त्यस्तो कार्य थालनी गर्ने कृषकलाई लागत साझेदारीमा समावेश गर्ने र त्यस्तालाई कृषि उद्यमी घोषणा गरिने छ।

- खेर गइरहेको निजी बाझो जग्गा उपयोग गर्न कृषकलाई प्रोत्साहित गर्दै लगिने छ ।

- पशुपन्छी फार्म स्थापनाका लागि वडाको हावापानी सुहाउँदो पशुवस्तुको पहिचान गरी प्रत्येक वडामा १/१ वटा पशुपन्छी फार्म स्थापना गर्दै जाने ।

- खेर गइरहेका चरन खर्क (गोठ, खोर, पानी, बाटो आदि)हरूको पहिचान गरी खर्क उपयोग नीति लागु गर्ने ।

- हिउँदे घाँस खेती विस्तार गर्न जोड दिने ।

- व्यवसायिहरूलाई व्यवसाय सञ्चालनका लागि दक्ष बनाउन स्थलगत/वडास्तर, न.पा.स्तर, जिल्ला स्तर क्षेत्रीय राष्ट्रिय स्तरका तालिममा सहभागी गराउन बजेट व्यवस्था गर्ने ।

- पशुपन्छी फार्म अगुवा कृषकहरुलाई संस्थागत रुपमा दर्ता गरी नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारद्वारा सञ्चालित कार्यक्रम/परियोजनामा समाहित हुने गरी लागत साझेदारीमा आवद्ध गराइने छ ।

- नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त हुन आउने अनुदान रकमहरूको अवस्थाहरू विश्लेषण गरी समपुरकरूपमा आएका रकमहरूलाई स्थानीय कृषि उद्यमीहरूको अभिलेख तयार गर्ने र उनीहरूको योगदानका आधारमा प्राप्त हुन आएको समपुरक अनुदानलाई नगरस्तरीय तवरले विभाजन गरी कार्यान्वयनमा लगिनेछ ।

## ५. वन, वन्यजन्तु, वातावरण संरक्षण तथा विपद व्यवस्थापन सम्बन्धी नीति

- शे-फोक्शुण्डो राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने वडाहरू र नगरबाट हुने विकास आयोजनाहरू सञ्चालन

गर्ने अधिकार नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको हुँदा यस्तो संवैधानिक हकलाई कुनै पनि सरकारी निकाय, संघ संस्थाले बाधा अवरोध गर्न पाउने होइन तर सरकारी निकाय र नगरपालिकाबीच असमझदारी रहेको अवस्थालाई मध्यनजर गर्दा उक्त असझदारीलाई समझदारीमा रूपान्तरण गर्न र गराउन नेपाल सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

- नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका सामुदायिक वनको कार्ययोजना नगरपालिकाले स्वीकृत गर्ने र सम्वन्धित सामुदायिक वनले वन पैदावारबाट प्राप्त गर्ने रकम मध्ये नगरपालिकाले पाउने रकम नियमानुसार लिइनेछ ।

- हरियाली प्रवर्द्धन गरी वातावरण संरक्षण गर्न सुख्खा क्षेत्रमा अनुकुलन हुने बोट विरूवा रोप्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

- जङ्गल क्षेत्रमा सडक निर्माण गर्दा रूख विरूवाको कम क्षति हुने गरी निर्माण गर्ने र रूख विरूवा क्षति भएमा वृक्षारोपण गरिने नीति लिइने छ ।

- वातावरण तथा विपत व्यवस्थापन समितिको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

- विपदको पूर्व तयारिका लागि दुर्घटना सचेतना कार्यक्रम सञ्चालन साथै विपदमा परेकाको उद्धारका लागि उद्धार सामग्री सहितको जनशक्ति व्यवस्थापन गर्ने कार्यको शुरूवात गरिने छ ।

- कोभिड-१९ महामारीको संक्रमण नेपालभर डरलाग्दो गरी फैलिरहेको र यस नगरपालिकामा पनि संक्रमित हुन सक्ने संभावनालाई नकार्न सकिँदैन तसर्थ नगरस्तरीय विपद व्यवस्थापनलाई सकृय र चनाखो बनाइनेछ ।

- बाढी, पहिरो, भूक्षय र नदी बहाव आदिबाट हुने जोखिमलाई न्यूनिकरण गरिने छ ।

## ६. शिक्षा, युवा तथा खेलकुद सम्वन्धी नीति

- शिक्षा र स्वास्थ्यका क्षेत्रहरूमा गुणस्तरीयता कायम गरिने छ ।
- नगरपालिकाभित्र रहेका सबै विधालयहरूको गुणस्तरियता मापन गर्नका लागि अनुगमन र मूल्याङ्कनको मापदण्ड तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- विधालय शिक्षाका सबै प्रकृयाहरूमा स्थानीयकरणलाई प्राथमिकता दिइने छ ।
- नगरपालिकाभित्र रहेका विधालयहरूको भौतिक संरचना व्यवस्थापन र दरबन्दीलाई व्यवस्थापन गरिने छ ।
- नगरपालिकाभित्र 'लेखौँ पढौँ साक्षरता बढाऔँ' भन्ने नाराका साथ सारक्षतामूलक अभियान सञ्चालन गरिने छ ।
- नगरपालिका भित्र रहेको डोल्पो क्याम्पसलाई विश्व विधालयको आंगिक क्याम्पसको रूपमा सञ्चालन गर्न पहल गरिने छ ।
- शिक्षक, विद्यालय कर्मचारी, व्यवस्थापन समितिहरूको क्षमता विकास गरिनेछ ।
- युवा संसद, युवा क्लव तथा युवा सम्बन्धी नीति तथा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- वडाहरूमा खेल मैदान निर्माण गर्न प्रोत्साहित गर्ने र खेदकूद क्रियाकलापहरू बढाउने खालका कार्यक्रसमहरू सञ्चालन गर्ने ।

## ७. स्वास्थ्य तथा कोभिड-१९ को संक्रमण रोकथामसँग सम्बन्धित नीति

- एक घर एक पिसिआर परीक्षण गर्ने ।
- दीर्घरोगी पहिचान, स्वास्थ्य शिविर जस्ता कार्यक्रम सञ्चालन गर्ने ।
- कोभिड-१९ को सचेतना कार्य सञ्चालन गर्ने ।
- नगरको आवश्यकता र औचित्यको आधारमा आइसोलेशन भवनहरू निर्माण गरिने छ ।
- पूर्ण खोपयुक्त नगरपालिका घोषणा गर्ने ।
- नगरका सबै वडाहरूमा पोषण कार्यक्रम सञ्चालन गर्ने ।
- योग र रोगमुक्त नगरको सहसम्बन्ध कायम गर्ने ।
- एक घर एक धारा मार्फत सरसफाइमा जोड दिने ।
- नगरवासीलाई आधारभूत स्वास्थ्य सुविधाहरू प्रदान गर्ने ।
- सबै स्वास्थ्य संस्थाहरूमा DoTS कार्यक्रम सञ्चालन गर्ने ।
- सबै स्वास्थ्य संस्थाहरूलाई स्रोतसाधनयुक्त बनाउने ।
- स्वास्थ्य सम्बन्धी सबै प्रकारका तथ्याङ्कहरू Update गर्ने ।
- स्वास्थ्य संस्थाका कार्ययोजना बनाउने ।
- नगरपालिकाका सबै वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र / संस्थाहरू स्थापना गर्ने तथा स्वास्थ्यचौकी जुफाललाई स्तरोन्नति गरी प्राथमिक स्वास्थ्य केन्द्र बनाइने छ ।

- स्वास्थ्यचौकीमा रहेका व्यवस्थापन समितिहरूलाई सकृय बनाइने छ ।

- नगरपालिकाका सबै वडाहरूमा हेल्थ क्याम्प जस्ता स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

## ८. पूर्वाधार विकास सम्बन्धी नीति

- नगरपालिकाभित्र निर्माणाधीन सडक संजाललाई व्यवस्थित गरी पूर्णरूपमा सञ्चालन गर्न र वातावरणीय क्षति कम गर्नका लागि Municipal transport Master Plan (MTMP) तयार गर्ने र यसका लागि बजेट तथा कार्यक्रम बनाई कार्यान्वयनमा ल्याइनेछ ।

- नगरपालिकाभित्र निर्माण हुँदै गरेका र नयाँ निर्माण गरिने योजना सडक, खानेपानी, सरकारी भवन तथा साना र मझौला प्रकृतिका योजनाहरू छनौट गरी उक्त योजनाहरू र परियोजनाको Detail Project Report (DPR) तयार गरिनेछ र यसरी DPR तयार गर्दा सबै तहको स्रोत साधनहरूको समुचित परिचालनमा जोड दिइनेछ ।

- नगरपालिकामा बालुवा, ढुंगा र गिट्टीको उत्खनन र बिक्रि वितरणलाई व्यबस्थित गर्न Initial Environment Examination (IEE) गरिने छ र यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- यस नगरपालिकाभित्र जतिपनि भौतिक निर्माणका योजनाहरू सञ्चालन गरिने छ र तिनीहरूको गुणस्तरमा वृद्धि गर्न रयोजनाहरूलाई मितव्ययी तरिकाले सम्पन्न गर्नको लागि दक्ष जनशक्तिको आवश्यकता पर्ने भएको हुँदा यस

नगरपालिकाको प्रत्येक वडाबाट कम्तिमा ३ देखि ५ जना कामदारलाई सिकर्मी तथा डकर्मीको तालिम प्रदान गरिनेछ ।

- भौतिक योजना निर्माण गर्दा वा गरिसकेपछि उक्त काम पारदर्शीता र जवाफदेहिताको विकास गर्नका लागि सबै प्रकारका संयन्त्रहरूको नियमानुसारका क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

- भवन निर्माण आचार संहिता लागु गर्नको निमित्त अधिकांश घरहरू आचार संहिता विपरित निर्माण भैसकेको र भौगोलिक विकटताका कारण हाल भवन निर्माण आचारसंहिता लागु गर्नन सकिने अवस्था रहेको सन्दर्भ अब नगरपालिकामा निर्माण गरिने घरहरूको लागि नक्सा पास तथा अभिलेखीकरण गर्ने सम्बन्धी कार्यविधि तयार गरिनेछ ।

- नगरपालिकाको प्रत्येक वडाहरूलाई भेरी कोरिडर राजमार्गको सञ्जालमा जोडीने छ ।

- बाँकी रहेका वडाहरू कार्यालय भवन निर्माणका लागि समपुरक बजेट छुट्याइएको छ । ११ वटै वडा कार्यालयहरू क्रमशः निमार्ण गरिँदै लगिने छ ।

- नगरपालिकामा सञ्चालन गरिने योजना/आयोजनाहरूका लागि गठन गरिने उपभोक्ता समितिहरूलाई व्यवस्थित गरिने छ र उक्त उपभोक्ता समिति आम भेलाबाट चयन गरिनेछ ।

- नगरपालिका मार्फत निमार्ण गरिने भौतिक पूर्वाधारहरुको अवस्था हेरेर २० प्रतिशतसम्म जनसहभागिता रहने छ ।

- नगरपालिकाको सार्वजनिक जग्गामा बनेका घर टहरा आदि हटाइने छ ।

- तत्कालीन जिल्ला विकास समिति लगायतकाबाट बनाइएको तर अधुरा आयोजनाहरू (संघीय सरकारको क्षेत्राधिकार भित्र

पर्ने) लाई नगरपालिकाको कार्य क्षेत्राधिकारभित्र ल्याई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

- कर्णाली प्रदेश डोल्पा जिल्ला ठुलीभेरी नगरपालिका ६ को तोरीद्वारीदेखि ५ नं. प्रदेश पूर्वी रूकुम सिस्ने गाउँपालिकाको नाइगाडसम्मको सडक बनाउनमा आवश्यक समन्वय र पहल गरिने छ ।

- यस न.पा.को वडा न ३ कालिका मन्दिर नजिकबाट अस्पतालसम्म जानका लागि पुल तयार गराउन पहल गर्ने ।

- यस न.पा.को रूपगाड हाइड्रोपावर बनाउनमा आवश्यक पहल गर्ने ।

- डोल्पा जिल्लामा सञ्चालनमा रहेको एक मात्र विमानस्थल जुफाल विमानस्थलको धावनमार्ग स्तरोन्नति गर्नको लागि नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारमा पहल गर्ने ।

## ९. समाजकल्याण तथा सामाजिक विकास सम्वन्धी नीति

- नगरपालिकाभित्र सञ्चालन गरिने लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन तथा व्यवस्थापन गरिने छ ।

- नगरपालिकाको लक्षित वर्गको प्रोफाइल तयार गरिने छ । यिनिहरूको अलग अलग कार्यक्रमहरू बनाइने र सो सञ्चालनका लागि कार्यायोजना तथा कार्यविधिहरू बनाई कार्यान्वयन गरिनेछ ।

- नगरपालिकामा रहेका लक्षित वर्गहरूको ज्ञान, सिप र क्षमता विकास गरी दिगो जिविकोपार्जनमा जोड दिइने छ ।

- नगरपालिकालाई छुवाछुत मुक्त नगर बनाउनमा जोड दिइने छ ।

- **'ठुलीभेरीको इच्छा, छोरीलाई शिक्षा'** भन्ने अभियानका साथ सामाजिक सचेतना अभियानमा जोड दिइने छ ।

- धुम्रपान र मध्यपान रहित सार्वजनिक स्थल बनाउनमा जोड दिइने छ ।

- नगरपालिकाभित्र सञ्चालनमा रहेका र हुने सबै प्रकारका गैह्र सरकारी संस्थाहरूको दर्ता गर्ने र नियमन गरिने छ ।

- नगरमा लक्षित वर्गका सहकारी दर्ता तथा सञ्चालनमा जोड दिइनेछ ।

- नगरमा सृजना हुने रोजगारीका अवसरहरूमा लक्षित वर्गलाई प्राथमिकीकरण गरिनेछ ।

## १० . सूचना प्रविधि तथा संचार नीति

- नगरपालिका र वडाहरूलाई डिजिटल प्रविधिमा रूपान्तरण गरिनेछ । जसमा प्रतिनिधिहरू तथा कर्मचारीहरूलाई अभिमुखीकरण गराइनेछ ।

- नगरपालिका तथा वडाहरूबीच समन्वय र सहजीकरण गर्नको लागि नगरको पोर्टल बनाइनेछ ।

- नगरपालिकाका वेबसाइटलाई व्यवस्थित र अद्यावधि बनाउँदै लगिनेछ ।

- कार्यालयका प्रशासनिक कार्यहरूमा क्रमश सफ्टवेयरहरू प्रयोग गर्दै लगिनेछ

- नगरको शिक्षा प्रणाली तथा विधिलाई प्रविधिमैत्री बनाइनेछ ।

- बेरोजगारीहरूको तथ्याङ्क अनुसार परिचयपत्र तयार गर्ने ।

## ११. समन्वय र सहयोगसँग सम्बन्धित नीति

- कर्णाली प्रदेश र नेपाल सरकारबाट यस नगरपालिका क्षेत्रमा सञ्चालन गरिने योजना कार्यक्रम तथा बजेटको

नगरपालिकालाई जानकारी दिईनुपर्ने तथा विना जानकारी गरिएका कुनै पनि कार्यहरूको स्वामित्व ग्रहण गर्ने र सिफारिस दिने जस्ता कार्यहरूलाई निरूत्साहित गरिनेछ । यस नगर पालिकाको जानकारी बिना भएका र गरिएका कार्यहरूमा नगरपालिकाको कुनै दायित्व सृजनासमेत हुनेछैन ।

- ♦ नगरपालिकामा कार्यक्षेत्र रहेका सबै सरकारी, अर्धसरकारी, निजी क्षेत्र र नागरिक समाज बिच समन्वय संयन्त्र स्थापना गरिने छ ।

## १२. आर्थिक अनुशासन र पारदर्शिता सम्बन्धी नीति

- ♦ यस आ.व.मा स्थानीय आवश्यकता अनुसार नेपाल सरकार र कर्णाली प्रदेश सरकारको बजेट कार्यक्रम र आयोजनालाई ध्यान दिएर समपुरक बजेट विनियोजन गरिने छ ।
- ♦ नगरपालिकाका लक्षितवर्ग उत्थानका लागि समेत विशेष अनुदान प्राप्त गर्ने पक्षमा जोड दिइने छ ।
- ♦ नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन र आर्थिक ऐन अनुसार करका दरहरूलाई व्यवस्थित गर्ने र करको दायरा विस्तार गरिने छ ।
- ♦ बजेट कार्यक्रम र आर्थिक कृयाकलापलाई पारदर्शी र जवाफदेही बनाउन संयन्त्रको स्थापना गरिने छ ।

## १३. स्थानीय न्यायिक समिति तथा मेलमिलाप सम्बन्धी नीति

- ♦ नागरिकहरूको सुविधा तथा सानातिना विवादहरू समाधानका लागि स्थानीय स्तरमा गठन भएका सामुदायिक मेलमिलाप केन्द्र तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाइनेछ ।
- ♦ नगर न्यायिक समितिको कार्यहरूको व्यवस्थापन र कार्य सञ्चालनलाई प्रभावकारी र सर्वसुलभ बनाइने छ । आगामी

वर्षदेखि इजलासको निर्माण गरी न्यायिक सुनुवाइको कार्यलाई गोप्य र व्यवस्थित गरिनेछ ।

- वडा स्तरमा रहेका मेलमिलापकर्ताहरूको क्षमता विकासका लागि तालिम तथा पुनर्ताजकी तालिमहरू सञ्चालन गरिने छ ।
- मेलमिलापयुक्त नगरको स्थापनाका लागि न्यायिक प्रक्रियालाई सरलीकरण र सवलीकरण गरिनेछ ।

## १४. पर्यटन, सहकारी र उधोगसँग सम्बन्धित नीति

- पर्यटनलाई प्रवर्द्धन गर्न पर्यटन व्यवसाय मार्फत नगरको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्त्वका मठमन्दिर, किल्ला, भाषा र संस्कृतिको संरक्षरणमा जोड दिइने छ ।
- पर्यटन प्रवर्द्धनका लागि यस नगरपालिका आगन्तुक सूचना केन्द्रको स्थापना गरिने छ । नगरपालिका र जिल्लाकै बारेमा सूचना दिने खालका Hoarding Board, सूचना पाटी बनाई नगरपालिकाका मुख्यमुख्य ठाँउहरूमा राखिनेछ ।
- यस नगरपालिकामा भएका उद्योग, सहकारीहरूलाई यस नगरपालिकामा सूचीकृत गर्ने, नियमन गर्ने, अनुगमन गर्ने र व्यस्थापन गर्ने नीति बनाइनेछ ।
- पर्यटनसँग सम्बन्धित ब्यवसायहरू तथा सोसँग सम्बन्धित अन्य विषयहरूलाई अनुगमन तथा व्यवस्थापन गरिनेछ ।
- नगरका तोकिएका स्थानहरुमा मापदण्डभित्र रहने गरी होम स्टे सञ्चालन गरिने छ ।
- नगरको आफ्नै Tourism Map बनाइने छ ।
- नीजि क्षेत्रसँग समन्वय गरी पर्यटकीय कार्यक्रम सञ्चालन गर्ने ।
- Tourist Guide Roster तयार गर्ने ।

- पर्यटन प्रवर्द्धनका लागि डोल्पा जिल्लाकै एक मात्र विमानस्थलमा हवाइ उडान थप प्रभावकारी बनाउन पहल गरिनेछ ।

- डोल्पा जिल्लाको सदरमुकाम दुनैमा पर्यटकीय क्याम्प साइट निर्माणमा जोड दिइने छ ।

- पर्यटनसँग सम्वन्धी नगरपालिकाको कार्यविधि बनाई लागु गरिनेछ ।

- यस नगर क्षेत्रभित्र पर्यटकीय पदमार्ग सर्भेक्षण गरिने छ

- पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकासका लागि नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारले सञ्चालन तथा व्यवस्थापन गर्ने जुनसुकै कार्यक्रममा पनि नगरको साझेदारी रहने छ ।

## १५. सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति

- व्यक्तिगत घटना दर्ता कार्य र सामाजिक सुरक्षा सम्वन्धी कार्यलाई सफ्टवेयरमा अनिवार्य रूपमा दर्ता गरिनेछ साथै सामाजिक सुरक्षा कार्यक्रमको भत्ता वितरण गर्दा यस आ.व.बाट नगरपालिकाका लाभग्राहीहरूको अनिवार्यरूपमा बैङ्किङ प्रणालीबाट सुविधा प्रदान गरिनेछ ।

- राम्रा अभ्यासहरूलाई यस नगरपालिकामा भित्र्याउन जनप्रतिनिधि र कर्मचारीलाई अध्ययन, अवलोकन र फिल्ड भ्रमणको ब्यवस्था मिलाइनेछ ।

- सरोकारवालाहरू पहिचान गरी उनीहरूको क्षमता विकास गर्ने प्रयोजनका लागि स्थानीय सरकारको काम कर्तव्य र अधिकार जस्ता विषयहरू समेटिएका, योजना तथा बजेट तर्जुमा, व्यवसाय कर, एकिकृत सम्पत्ति कर, न्यायिक समिति ऐन नियम सम्वन्धी जस्ता अभिमुखीकरण दिने म्यानुयल बनाई क्षमता अभिवृद्धि गरिनेछ ।

- नगरपालिकामा गरिने सबै प्रकारका तालिमहरूमा लागु हुने गरी आर्थिक मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

- कार्यसम्पादन, पुरस्कार तथा दण्डका सुचकहरू तयार गरी सोहि आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

- नगरपालकिाका कर्मचारीहरूको लागि अतिरिक्त समय काम गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ताको समेत व्यवस्था गरिने छ ।

- नगरपालिकाको कर्मचारीका लागि नियमानुसार कर्मचारी कल्याण कोष बनाइनेछ ।

- सरकारी सेवा प्रवाहका लागि नगरपालिका र वडाहरूलाई प्रविधिमैत्री बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

- नगर तथा वडाहरूबाट प्रदान गरिने सबै प्रकारका सेवाहरूको विश्लेषण गरी कार्यान्वयन गर्दै लगिनेछ । यसका लागि संयन्त्र, विधि र कार्यविधिहरूलाई कार्यालयोपगी बनाइनेछ ।

- नगरपालिका र वडा कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था गर्ने ।

- विभिन्न कार्यक्रमहरूको फोकल पर्सनको व्यवस्था गरिने छ ।

- सार्वजनिक सेवालाई चुस्त, दुरूस्त र प्रभावकारी बनाइने छ ।

- अभिलेख व्यवस्थापन गर्ने र प्रभावकारी सूचना प्रणाली स्थापना गरिने छ ।

## १६. नीजी क्षेत्र, अन्तराष्ट्रिय गैह्र सरकारी संस्था र गैह्र सरकारी संस्थासँग सम्बन्धित नीति

- नगरपालिकामा लगानी गर्न चाहने नीजि क्षेत्र, गैह्र सरकारी संस्था तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरूसँग नियामक

रूपले समन्वय गरिनेछ र ती संस्थाहरूले तयार गरेका योजना तथा कार्यक्रमहरूलाई आवश्यकता र औचित्यताका आधारमा अनुमोदन गरिनेछ।

- वैदेशिक संस्थाहरूसँग सहयोग र सम्पर्कका लागि नगरपालिकाको तर्फबाट प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत लगायतको टीम बनाई कार्यान्वयन गरिनेछ ।

## १७. योजना, अनुगमन तथा मुल्याङ्कन प्रणाली

- यस नगरपालिकासँग समन्वय भई गरेका नेपाल सरकार र कर्णाली प्रदेशबाट सञ्चालन भइरहेका र भबिष्यमा हुने कार्यक्रमको स्थिति र गुणस्तरीयतामा अनुगमन गरिनेछ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले उपप्रमुखलाई योजनाहरू तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षणको कार्य सुम्पेकोले नेपाल सरकार कर्णाली प्रदेश तथा नगरका सबै आयोजनाहरूको समेत अनुगमन र मुल्याङ्कन गरी सोको प्रतिवेदन प्रमुख मार्फत कार्यपालिकामा पेस गरिनेछ।
- प्रमुख र उपप्रमुखको अनुपस्थितिमा उपरोक्त बमोजिमको अनुगमनको कार्य गर्न कार्यपालिकाले तत् तत् वडाहरूलाई पनि जिम्मेवारी दिन सक्नेछ।
- नगरको आवधिक योजनाको मस्यौदा बनेको र उक्त मस्यौदा सभामा पेस गरिनेछ र यसै आ.व.बाट वार्षिक योजना तर्जुमा समेत बनाइनेछ।
- नतिजामा आधारित योजना निर्माण र योजनाको अनुगमन तथा मूल्याकन प्रणाली बनाई सोलाई अवलम्वन गरिनेछ।
- योजनाको वैधानिक अनुगमन संयन्त्र प्रभावकारी बनाइनेछ।

- पूर्वाधार क्षेत्रको आधारभूत तथ्याङ्क baseline data तयार गरिने छ ।

- पूर्वाधार विकासका कार्य सञ्चालन गर्दा सार्वजनिक, निजी, सामुहिक लागत साझेदारी तथा बाह्य श्रोत परिचालनमा प्राथमिकता दिइनेछ ।

- वस्तीस्तरबाट माग भएका रोजगारी सृजना हुन सक्ने वातावरणमा सकभर कम असर पर्ने र स्थानीय सहभागीता जुट्न सक्ने, वढी जनसंख्या लाभान्वित हुने तथा क्रमागत योजनाहरूको कार्यान्वयनमा प्राथमिकता दिइनेछ । कम लगानीमा बढी भन्दा बढी जनसंख्या लाभान्वित हुन सक्ने पूर्वाधार निर्माणलाई नगरको ध्यान केन्द्रित गरिनेछ ।

- आम भेलाबाट गठित उपभोक्ता समितिका मुख्य पदाधिकारीहरूका लागि तालिम सञ्चालन गर्ने र कार्यान्वयन गर्नेमा जोड दिइनेछ ।

## १८. बैङ्क तथा वित्तीय संस्थासँग सम्बन्धित नीति

- हाल ठुलीभेरी नगरपालिकामा रहेका वित्तीय कारोबार गर्ने विभिन्न बैङ्कहरूले सम्पूर्ण वडाहरूका घर जग्गा धितोमा राखी ऋण प्रवाह गर्ने प्रयोजनका लागि सम्पुर्ण बैङ्क तथा वित्तीय संस्थाहरुसँग प्रभावकारी समन्वय गरिनेछ ।

## १९. राजस्व परिचालन सम्बन्धी नीति

- नगरको राजस्व सुधार कार्य योजना तयार गर्ने

- करका दर र दायरामा समुचित प्रयोग गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

- नगर प्रहरी परिचालन गरी राजस्व संकलन प्रभावकारी बनाउने ।

- राजस्व संकलनमा वडा कार्यालयहरूलाई प्रभावकारी रुपमा परिचालन गर्ने र यथोचित व्यवस्थापन गरिने छ ।

- नगरभित्रका करदाताहरूको अभिलेख तयार गर्ने ।

- नगरभित्रका करदातालाई सम्मान तथा प्रोत्साहन गरिने छ ।

- वडाको करहरू संकलनको वस्तुस्थिती हेरेर पुरस्कार प्रदान गर्ने ।

- नगरको आवश्यकता र औचित्यताका आधारमा नगरपालिकाले ऋण लिने आधारहरू समेत तयार गरिनुका साथै ऋण लिनका लागि पहल समेत गरिनेछ ।

- नगरपालिकाले एकल महिला, सीमान्तकृत र उत्पीडित वर्ग तथा विपन्न युवाको उद्यमशीलता विकासलाई योगदान पुऱ्याउने प्रकृतिका व्यवसायलाई प्रवर्द्धन गर्न

- विगत आ.व.मा नगरपालिकालाई तिर्न बाँकी बक्यौता रहेका राजस्वहरूलाई २०७७ असोज मसान्तसम्म अनिवार्यरूपमा बुझाउने तत्पश्चात नबुझाउनेलाई नगरपालिका तथा वडाहरूबाट प्रदान गरिने सबै प्रकारका सेवाहरू रोक्ने र राजस्वहरू बुझाइसकेपछिमात्र सेवाहरू सुचारू गर्ने ।

**अध्यक्षज्यू तथा सभासदज्यूहरू**

अन्त्यमा ठुलीभेरी नगरपालिकालाई एउटा गतिशील, विकसित र सबै वर्ग समुदायको जीवनस्तरमा सुधारसहितको सामाजिक न्याय, वातावरणीय अनुकुल, सफा सुग्घर एवं समृद्ध नगर र सुखी नगरवासी बनाउने हाम्रो मुख्य लक्ष्य रहेको छ । उक्त सपना पुरा गर्न सिङ्गो नगरसभाका सबै सभासद् (जनप्रतिनिधि) ज्यूहरू तथा यस नगरपालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूको साथ र सहयोगलाई अझ सुदृढ र मजबुत बनाउँदै लक्ष्य अनुसारको नतिजा प्राप्तिका लागि दृढ रहँदै अघि बढ्नुपर्ने समय आएकोछ ।

सबैको साथ, सहयोग र सहकार्यबाट मात्र त्यो सम्भव छ भन्ने मैले ठानेको छु । प्रस्तुत नीति तथा कार्यक्रममा वृहत छलफल गरी रचनात्मक सुझाव र सल्लाहका साथ अघि बढ्ने छ भन्ने मेरो पूर्ण विश्वास छ ।

संविधानको मर्म र भावनाले प्रत्याभुत गरेको तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको अवधारणालाई साकार पार्नका लागि सहयोग पुऱ्याउनुहुने सबै सभासद (जनप्रतिनिधि) ज्यूहरू, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, उद्योगी, व्यवसायी, समाजसेवी, वुद्धिजीवी, संचारकर्मी, सुरक्षानिकाय, नगरवासीहरू लगायत सबै सरोकारवाला प्रति हार्दिक आभार ब्यक्त गर्दै धन्यवाद प्रकट गर्दछु ।

धन्यवाद !

आज मिति २०७७ साल साउन २८ गतेका दिन यस पाचौ नगरसभाका अध्यक्ष श्री गणेश बहादुर शाहीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगरसभाका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो।

तपशिल

अध्यक्ष श्री गणेश बहादुर शाही

उपाध्यक्ष श्री योगेन्द्र बहादुर शाही

सदस्य सचिव श्री लोक बहादुर राना

सदस्य श्री अर्ण बहादुर न्यौपाने

सदस्य श्री वाग बहादुर महतारा

सदस्य श्री देवि रोकाया

सदस्य श्री जिवराम बुढा

सदस्य श्री कर्ण बहादुर रोकाया

सदस्य श्री धर्मलाल बुढा

सदस्य श्री डिल विक्रम शाही

सदस्य श्री हरि प्रसाद डाँगी

सदस्य श्री विरमल कुमार भण्डारी

सदस्य श्री गोविन्द प्रसाद महत्त

सदस्य श्री लक्ष्मी कार्की

सदस्य श्री काली सार्की

सदस्य श्री पिरमा कुमारी शाही

सदस्य श्री सिरिध वि.क.

सदस्य श्री धनसरा रोकाया

सदस्य श्री काली कार्की

सदस्य श्री रणविर नेपाली

सदस्य श्री माया शाही

सदस्य श्री पुतली वि.क.

सदस्य श्री हर्क बहादुर आर.सि.

सदस्य श्री मायादेवि बुढा

सदस्य श्री लालमाया वि.क.

सदस्य श्री ओम प्रसाद रोकाया

सदस्य श्री रण बहादुर रोकाया

सदस्य श्री भद्र बहादुर शाही

सदस्य श्री चन्द्र विक्रम शाही

सदस्य श्री वेलकली वि.क.

सदस्य श्री शान्तराम रोकाया

सदस्य श्री ओम बहादुर बोहोरा

सदस्य श्री शशि बोहोरा

सदस्य श्री कल्पना वि.क.

सदस्य श्री टोप बहादुर चन्द

आ व २०७७/७८ को ठुलीभेरी नगरपालिकाको बैठक

सदस्य श्री मान बहादुर बुढा

सदस्य श्री ध्रुव विक्रम शाही

सदस्य श्री चन्द्र कुमारी रोकाया

सदस्य श्री बुद्धि वि.क.

सदस्य श्री खड्क बहादुर भण्डारी

सदस्य श्री लाली नेपाली

सदस्य श्री धनसरा श्रेष्ठ शाही

सदस्य श्री हरिलाल बुढा

सदस्य श्री यज्ञ कुमार शाही

सदस्य श्री हाँसी नेपाली

सदस्य श्री हिराचन्द्र डाँगी

सदस्य श्री विरलाल कार्की

सदस्य श्री पासाङ्ग ल्हामु बुढा

सदस्य श्री कमल बुढा

सदस्य श्री रुगुमा वि.क.

सदस्य श्री हरि प्रसाद कार्की

सदस्य श्री जुन कुमारी रोकाया

श्री वाग व० बुढा

# पाचौ नगरसभा २०७७/७८

प्रस्तावहरु

१) बजेट नीति तथा कार्यक्रम सम्बन्धमा ।

२) रकमान्तर गरिएका रकम सम्बन्धमा ।

३) विगत आ व मा गरेका निर्णयहरु सम्बन्धमा ।

४) कोभिड १९ र यसमा गरेका खर्चहरुको स्वीकृत सम्बन्धमा ।

५) सभाध्यक्ष चयन सम्बन्धमा ।

निर्णय नं १: प्रस्ताव नं १ उपर व्यापक छलफल हुँदा स्थानीय राजस्व समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, नीति तथा कार्यक्रम तयारी समिति तथा बजेट तथा योजना तर्जुमा समितिहरुले तयार गरी कार्यपालिकाबाट अनुमोदन गरी नगरकार्यपालिका मार्फत पेश हुन आएका अर्थ विधेयकसहितका प्रतिवेदनहरुलाई उपाध्यक्ष मार्फत सभामा प्रस्तुत गरियो। यसरी पेश हुन आएका प्रतिवेदनहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं २: प्रस्ताव नं २ उपर छलफल हुँदा आ व २०७६/७७ मा नगरपालिकालाई प्राप्त हुन आएको राजस्व ३२९००००० ।०० (अक्षरुपी तीन करोड उन्नतिस लाख रुपैया मात्र) रहेको तर खर्चको हिसाबले ४५९१९४९४।६० (अक्षरुपी चार करोड उन्नासाठी लाख उन्नाईस हजार चार सय चौरानब्बे पैसा साठी मात्र) खर्च हुन आउको र १३०१९४९४।६० (एक करोड तीस लाख उन्नाईस हजार चार सय चौरानब्बे पैसा साठी मात्र) बढी हुन आएकोले उक्त रकमलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३: प्रस्ताव नं ३ उपर छलफल हुँदा गत आ व मा नगरकार्यपालिकाले गरेका निर्णयहरुलाई विश्लेषण गर्दा उक्त निर्णयहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं ४ उपर छलफल गर्दा विश्वव्यापीरुपमा फैलिएको कोरोना भाईरसको महामारीका कारणले नेपाल सरकारले घोषणा गरेको लकडाउनको प्रभाव तथा कोभिड १९ भाईरसका संक्रमण रोकथाम गर्ने प्रयोजनार्थ नगरस्तरीय विपद व्यवस्थापन समितिले विभिन्न प्रकारका निर्णयहरु गर्दै कार्यान्वयन ल्याउदै गरेको व्यहोरा नगरसभालाई अनुरोध भयो उक्त परिस्थिति र अवस्थामा गरेका निर्णयहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : प्रस्ताव न ५ उपर छलफल हुँदा सभाध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र दुवैको अनुपस्थितिमा तपशिल अनुसारका सभासदहरुलाई सभाध्यक्ष रहने गरी सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१) सभासद श्री बाग बहादुर महतरा

२) सभासद श्री हरी प्रसाद डाँगी

३) सभासद श्री धनसरा रोकाय

उपरोक्तानानुसारका निर्णयहरुलाई सर्वसम्मतरुपमा स्वीकृत गरी सभाध्यक्षको अनुमतिले पाचौ नगरसभाको प्रथम दिनको सभा मिति २०७७।४।२९ गते बस्ने गरी समापन भयो ।

आज मिति २०७७ साल साउन २९ गतेका दिन यस पाचौ नगरसभाका अध्यक्ष श्री गणेश बहादुर शाहीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगरसभाका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो।

**तपशिल**

अध्यक्ष श्री गणेश बहादुर शाही

उपाध्यक्ष श्री योगेन्द्र बहादुर शाही

सदस्य सचिव श्री लोक बहादुर राना

सदस्य श्री अर्ण बहादुर न्यौपाने

सदस्य श्री वाग बहादुर महतारा

सदस्य श्री देवि रोकाया

सदस्य श्री जिवराम बुढा

सदस्य श्री कर्ण बहादुर रोकाया

सदस्य श्री धर्मलाल बुढा

सदस्य श्री डिल विक्रम शाही

सदस्य श्री हरि प्रसाद डाँगी

सदस्य श्री विरमल कुमार भण्डारी

सदस्य श्री गोविन्द प्रसाद महत्त

सदस्य श्री लक्ष्मी कार्की

सदस्य श्री काली सार्की

सदस्य श्री पिरमा कुमारी शाही

आ व २०७७/७८ को ठुलीभेरी नगरपालिकाको वैठक

सदस्य श्री सिरिध वि.क.

सदस्य श्री धनसरा रोकाया

सदस्य श्री काली कार्की

सदस्य श्री रणविर नेपाली

सदस्य श्री माया शाही

सदस्य श्री पुतली वि.क.

सदस्य श्री हर्क बहादुर आर.सि.

सदस्य श्री मायादेवि बुढा

सदस्य श्री लालमाया वि.क.

सदस्य श्री ओम प्रसाद रोकाया

सदस्य श्री रण बहादुर रोकाया

सदस्य श्री भद्र बहादुर शाही

सदस्य श्री चन्द्र विक्रम शाही

सदस्य श्री वेलकली वि.क.

सदस्य श्री शान्तराम रोकाया

सदस्य श्री ओम बहादुर बोहोरा

सदस्य श्री शशि बोहोरा

सदस्य श्री कल्पना वि.क.

सदस्य श्री टोप बहादुर चन्द

आ व २०७७/७८ को ठुलीभेरी नगरपालिकाको वैठक

सदस्य श्री मान बहादुर बुढा

सदस्य श्री ध्रुव विक्रम शाही

सदस्य श्री चन्द्र कुमारी रोकाया

सदस्य श्री बुद्धि वि.क.

सदस्य श्री खड्क बहादुर भण्डारी

सदस्य श्री लाली नेपाली

सदस्य श्री धनसरा श्रेष्ठ शाही

सदस्य श्री हरिलाल बुढा

सदस्य श्री यज्ञ कुमार शाही

सदस्य श्री हाँसी नेपाली

सदस्य श्री हिराचन्द्र डाँगी

सदस्य श्री विरलाल कार्की

सदस्य श्री पासाङ्ग ल्हामु बुढा

सदस्य श्री कमल बुढा

सदस्य श्री रुगुमा वि.क.

सदस्य श्री हरि प्रसाद कार्की

सदस्य श्री जुन कुमारी रोकाया

सदस्य श्री बाग बहादुर बुढा

प्रस्तावहरु

१) तयार गरिएका कानूनहरु सम्बन्धमा ।

२) पुरस्कार सम्बन्धमा ।

३ ) अधिकार प्रत्यायोजन सम्बन्धमा ।

निर्णय नं १: प्रस्ताव नं १ उपर छलफल हुँदा तपशिल बमोजिम रहेका ठुलीभेरी नगरपालिकाका कानूनहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१) ठेलीभेरी नगरपालिकाको प्रथम पञ्चवर्षिय योजनाको मस्यौदा २०७७/७८ - २०८१/८२)

२) ठेलीभेरी नगरपालिकाको जलश्रोत उपयोग सम्बन्धी ऐन २०७७

३) ठेलीभेरी नगरपालिकाको भवन निर्माण मापदण्ड २०७७

४) ठेलीभेरी नगरपालिकाको घर बहाल कर सम्बन्धी कार्यविधि २०७७

५) व्यवसाय कर सम्बन्धी कार्यविधि २०७७

६) बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७७

७) नगर प्रहरी नियमावली २०७७

८) न्यायिक समितिले उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७

९) ठेलीभेरी नगरपालिकाको मेलमिलाप सम्बन्धी कार्यविधि २०७७

१०) ठेलीभेरी नगरपालिकाको जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि २०७७

११) ठेलीभेरी नगरपालिकाको होमस्टे संचालन कार्यविधि २०७७

१२) ठुलीभेरी नगरपलिकाको टोल विकास संस्था सन्चालन कार्यविधि २०७७

१३ ) कर्णाली प्रदेश सरकारको तयार गरेको स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि कानूनमा संशोधन र एकिकरण गर्न बनेको बिधेयक २०७७ ।

१४) ठूलीभेरी नगरपालिकाको पशुसेवा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ ।

१५) ढुङ्ग, गिट्टी बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ ।

१६) सम्पति कर व्यवस्था सम्बन्धि कार्यविधी २०७७ ।

१७) अन्य आवश्यक कानूनहरु समेत छलफल गरी वडाहरुमा पठाईएको र उक्त कानूनहरुमा संशोधन भई आएमा सोही बमोजिम हुनेगरी तथा कार्यपालिकाको निर्णयलाई समेत आधार मानेर जाने गरि उक्त कानूनहरुलाई समेत स्विकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.: २. प्रस्ताव नं. २ उपर छलफल गर्दा ठूलिभेरी नगरपालिकामा कार्यरत प्रमुख प्रशाकीय अधिकृत श्री लोक बहादुर रानालाई नेपाल सरकार तथा प्रदेश सरकारमा पुरस्कारको लागि शिफारिस गर्ने र तपसिलमा रहेका कर्मचारीहरुलाई नगर सभाबाट पुरस्कार (नगद तथा प्रमाण पत्र तथा ग्रेड थप ) प्रदान गर्ने निर्णय गरियो ।

१. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री डिल प्रसाद रोकाया

२. पूर्वाधार शाखा प्रमुख श्री जनक बहादुर बुढा

३. प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख श्री रत्नविर कठायत

४. सामाजिक विकास शाखाका महिला विकास निरिक्षक श्री मिना शाही

५. जुफाल हेल्थ पोष्ट इन्चार्ज श्री राजन डाँगी

६. ३ नं. वडा कार्यालय सचिव श्री बिष्णु प्रसाद शर्मा

७. कार्यालय सहयोगी श्री दत्तराम बुढा दुई ग्रेड थप

निर्णय नं ३ : प्रस्ताव नं ३ उपर छलफल गर्दा नगरसभाबाट स्वीकृत प्रदान गर्नुपर्ने तर विशेष परिस्थिति परि नगरसभाको मिति तोकेर जान नसक्ने अवस्था रहेमा आवश्यकता र औचित्यता पुष्टि गरी कार्यपालिकाकाले निर्णय गरेर कार्यान्वयन गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

उपरोक्तानानुसारका निर्णयहरुलाई सर्वसम्मतरुपमा स्वीकृत गरी सभाध्यक्षको अनुमतिले पाचौ नगरसभाको प्रथम दिनको सभा मिति २०७७।४।३० गते बस्ने गरी समापन भयो ।

आज मिति २०७७ साल साउन ३० गतेका दिन यस पाचौ नगरसभाका अध्यक्ष श्री गणेश बहादुर शाहीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगरसभाका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो।

तपशिल

अध्यक्ष श्री गणेश बहादुर शाही

उपाध्यक्ष श्री योगेन्द्र बहादुर शाही

सदस्य सचिव श्री लोक बहादुर राना

सदस्य श्री अर्ण बहादुर न्यौपाने

सदस्य श्री वाग बहादुर महतारा

सदस्य श्री देवि रोकाया

सदस्य श्री जिवराम बुढा

सदस्य श्री कर्ण बहादुर रोकाया

सदस्य श्री धर्मलाल बुढा

सदस्य श्री डिल  विक्रम शाही

सदस्य श्री हरि प्रसाद डाँगी

सदस्य श्री विरमल कुमार भण्डारी

सदस्य श्री गोविन्द प्रसाद महत्त

सदस्य श्री लक्ष्मी कार्की

सदस्य श्री काली सार्की

सदस्य श्री पिरमा कुमारी शाही

2.

सदस्य श्री सिरिध वि.क.

सदस्य श्री धनसरा रोकाया

सदस्य श्री काली कार्की

सदस्य श्री रणविर नेपाली

सदस्य श्री माया शाही

सदस्य श्री पुतली वि.क.

सदस्य श्री हर्क बहादुर आर.सि.

सदस्य श्री मायादेवि बुढा

सदस्य श्री लालमाया वि.क.

सदस्य श्री ओम प्रसाद रोकाया

सदस्य श्री रण बहादुर रोकाया

सदस्य श्री भद्र बहादुर शाही

सदस्य श्री चन्द्र विक्रम शाही

सदस्य श्री वेलकली वि.क.

सदस्य श्री शान्तराम रोकाया

सदस्य श्री ओम बहादुर बोहोरा

सदस्य श्री शशि बोहोरा

सदस्य श्री कल्पना वि.क.

सदस्य श्री टोप बहादुर चन्द

२।११।६

3

सदस्य श्री मान बहादुर बुढा

सदस्य श्री ध्रुव विक्रम शाही

सदस्य श्री चन्द्र कुमारी रोकाया

सदस्य श्री बुद्धि वि.क.

सदस्य श्री खड्क बहादुर भण्डारी

सदस्य श्री लाली नेपाली

सदस्य श्री धनसरा श्रेष्ठ शाही

सदस्य श्री हरिलाल बुढा

सदस्य श्री यज्ञ कुमार शाही

सदस्य श्री हाँसी नेपाली

सदस्य श्री हिराचन्द्र डाँगी

सदस्य श्री विरलाल कार्की

सदस्य श्री पासाङ्ग ल्हामु बुढा

सदस्य श्री कमल बुढा

सदस्य श्री रुगुमा वि.क.

सदस्य श्री हरि प्रसाद कार्की

सदस्य श्री जुन कुमारी रोकाया

सदस्य ॥ नाग ब० बुढा

प्रस्तावहरु

१) बेरुजु तथा सम्परिक्षण सम्बन्धमा ।

२) कर्मचारी कल्याण कोषको खाता खोल्ने सम्बन्धमा।

३) धन्यवाद व्यक्त गर्ने सम्बन्धमा ।

निर्णय नं १: प्रस्ताव नं १ उपर व्यापक छलफल गर्दा विगत आर्थिक वर्षहहरुमा महालेखा परिक्षकको प्रतिवेदनहरुले औल्याएका बेरुजुहरुमा नियमित गर्नैपर्नेहरुलाई औचित्यताका आधारमा नियमित गरी बेरुजुका आयतनलाई कम गर्ने तथा नियमानुसारका कागजातहरु तयार गरी सम्परिक्षण गर्ने तथा सैद्धान्तिक बेरुजुहरुलाई महालेखा परिक्षकको प्रतिवेदनहरुमा उल्लेख गरिएका दफाहरु अनुसारका सुझावहरुलाई आगामी वर्षहरुमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं २ उपर छलफल गर्दा ठुलीभेरी नगरपालिकाको कर्मचारीहरुको कल्याण कोष बनाउने र उक्त कोषको खाता सञ्चालनको कोष तथा लेखा नियन्त्रण कार्यालय डोल्पा मार्फत महालेखा नियन्त्रणको कार्यालयमा सिफारिश गरि पठाउने निर्णय गरियो।

निर्णय नं ३ : प्रस्ताव नं ३ उपर छलफल पाचौ नगरसभाका तयारीमा रहने जनप्रतिनीधीहरु, कर्मचारीहरु, सुरक्षा निकायहरु, मिडियाहरु लगायत सबै सरोकारवालाहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

उपरोक्तानानुसारका निर्णयहरुलाई सर्वसम्मतरुपमा स्वीकृत गरी सभाध्यक्षको अनुमतिले पाचौ नगरसभा समापन भयो ।